नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

जानकारी सम्वन्धमा

मितिः २०८३/०५/१८

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना तथा प्रभावित समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ। उक्त कार्यका लागि आज भएका प्रमुख गतिविधि सम्वन्धमा निम्नानुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका सम्वन्धमा मन्त्रालयमा माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीज्यू र पूर्वाधार विकास मन्त्रीज्यू समक्ष नेपाली सेनाबाट उद्धार अभियानको पछिल्लो अवस्थाबारे ब्रिफिङ भएको। सो क्रममा मन्त्रीद्वयले आगामी उद्धार रणनीतिबारे छलफल गर्दै विद्युत आयोजनाहरुको सुरुङ्गमा फसेका एवम् जलविद्युत् आयोजनाहरूमा भइरहेको खोज तथा उद्धार कार्यको प्रगतिबारे जानकारी लिनुभएको।
२. रसुवाका जिल्लाको अधिकांश स्थानीय तहमा विद्युत सेवा सुचारु भएको छ भने बाँकी क्षेत्रमा मर्मत तथा पुनःस्थापना कार्य तीव्र गतिमा अघि बढाइएको छ। नौकुण्ड, कालिका, गोसाइँकुण्ड, उत्तरगया र आमाछोदिङ्मो गाउँपालिकाका अधिकांश क्षेत्रमा विद्युत् सेवा सुचारु भइसकेको छ भने बाँकी क्षेत्रमा समेत वैकल्पिक व्यवस्थामार्फत सेवा विस्तार भइरहेको।
३. नुवाकोट जिल्लाको किस्पाङ्ग गाउँपालिकामा अवरुद्ध भएको विद्युत् सेवा उपलब्ध स्रोत, साधन तथा जनशक्तिको प्रभावकारी परिचालन गरी आवश्यक मर्मत तथा पुनःस्थापना कार्य सम्पन्न गर्दै पुनः पुचारु गरिएको। स्थानीय स्तरमा उपलब्ध प्राविधिक जनशक्ति तथा आवश्यक उपकरणको प्रयोग गरी विद्युत संरचनामा क्षतिका कारण देखिएका समस्या समाधान गरी विद्युत् आपूर्ति नियमित बनाइएको।
४. सान्जेनखोला जलविद्युत् आयोजनाबाट Isolated Mode मा संचालन गरी विद्युत प्रवाहा सुचारु गर्नुका साथै हाकु क्षेत्रमा नयाँ ११ केभी लाइन निर्माण गरी छिट्टै सेवा विस्तार गर्ने तयारी गरिएको। बाढीबाट क्षतिग्रस्त वितरण तथा प्रसारण संरचनाको पुनर्निर्माणका लागि नयाँ पोल, लाइन तथा अन्य पूर्वाधार निर्माण र जडानको कार्य तीव्र रूपमा भइरहेको।
५. जलविद्युत् आयोजनाका सुरुङहरूमा फसेकाहरुको उद्दारको लागि नेपाली सेना, भारतीय सेना, कोरियन विज्ञ तथा आयोजनाका इन्जिनियरहरूको संयुक्त टोलीबाट निरन्तर खोज तथा उद्धार कार्य भइरहेको। हालसम्म सुरुङभित्र विभिन्न स्थानमा पुगेर रेकी, ब्लास्टिङ, होल निर्माण तथा लेदो हटाउने कार्य जारी रहेको। क्षतिग्रस्त तथा अवरुद्ध सुरुङ खोल्न Excavator, Back Loader, Bobcat लगायतका उपकरण परिचालन गरी उद्धार अभियानलाई तीव्रता दिइएको।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

६. संस्थागत सौर्य विद्युत प्रणाली र २० वाट पिक क्षमताका घरेलु सौर्य विद्युत प्रणालीहरु नुवाकोटको विदुरबाट सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति र सम्वन्धित स्थानीय तहसँगको समन्वयमा पूर्व निर्धारित स्थानमा ढुवानी गरी जडान गर्ने कार्य भइरहेको। सो कार्यको समन्वय वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका प्राविधिक अधिकृत श्री सरोज बहादुर कार्की र वरिष्ठ प्रशासन सहायक श्री विमल प्रसाद भुसालले गरिरहेको।

७. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र नेपाल सौर्य विद्युत उत्पादक संघबीच केन्द्रमा बसेको बैठकबाट नेपाल सौर्य विद्युत उत्पादक संघले सौर्य ऊर्जाको क्षेत्रमा कार्यरत सम्पूर्ण संघ संस्थाहरुसँग समन्वय गरी भोटेकोशी बाढीबाट हाल देशमा आइपरेको विपद् व्यवस्थापन गर्न नेपालमा सौर्य ऊर्जा प्रणालीका विविध प्रविधि तथा प्राविधिक जनशक्तिको उपलब्धता सम्बन्धी विस्तृत विवरण/तथ्यांक मिति २०८३/०५/१९ सम्म केन्द्रमा उपलब्ध गराउने निर्णय भएको।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता